अपिहिमाल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०७ संख्या : ३० मिति : २०८०/११/३०

भाग - २

**अपिहिमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खण्डेश्वरी, दार्चुला**

**सुदुरपश्चिम प्रदेश**

नेपालको संविधान बमोजिम अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## अपिहिमाल गाउँपालिकाको सुपथ मूल्यका सहकारी पसल सञ्चालन कार्यविधि, २०८०

<u>गाउँ कार्यपालिकाबाट स्वीकृत मिति</u>

२०८०/११/२९

<u>**प्रस्तावना:**</u> सहकारी ऐन, २०७४ को दफा १४९ र दफा १५१ ले दिएको अधिकार प्रयोग गर्दै सर्वसाधारणलाई आवश्यक पर्ने दैनिक उपभोग्य बस्तुहरू दाल, चिनि, चामल, तेल, नुन, लगायतका सामानहरू सर्वसुलभ तथा गुणस्तरीय आपूर्ती गर्न गराउन वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ।

### परिच्छेद-१
### <u>प्रारम्भिक</u>

१. <u>**संक्षिप्त नाम र प्रारम्भ**</u> : (१) यस कार्यविधिको नाम "अपिहिमाल गाउँपालिकाको सुपथ मूल्यका सहकारी पसल सञ्चालन कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"गाउँपालिका"** भन्नाले अपिहिमाल गाउँपालिका सम्झनु पर्दछ।

(ख) **"कार्यपालिका"** भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(ग) **"अध्यक्ष"** भन्नाले अपिहिमाल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(घ) **"उपध्यक्ष"** भन्नाले अपिहिमाल गाउँपालिको उपाध्यक्ष सम्झनु पर्दछ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले अपिहिमाल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(च) **"आर्थिक प्रशासन शाखा"** भन्नाले अपिहिमाल गाउँपालिकाको लेखा सम्बन्धी कार्य गर्ने शाखालाई सम्झनु पर्दछ।

(छ) **"प्रशासकीय अधिकृत"** भन्नाले अपिहिमाल गाउँपालिकाको प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ज) **"उद्योग व्यवसाय प्रबर्धन प्रमुख"** भन्नाले अपिहिमाल गाउँपालिकाको उद्योग व्यवसाय प्रबर्धन शाखा प्रमुखलाई सम्झनु पर्दछ।

(झ) **"सहकारी प्रमुख"** भन्नाले अपिहिमाल गाउँपालिकाको सहकारी हेर्ने गरी तोकिएको कर्मचारी सम्झनु पर्दछ।

(ञ) **"कृषि विकास शाखा प्रमुख"** भन्नाले अपिहिमाल गाउँपालिकाको कृषि विकास शाखा प्रमुखलाई सम्झनु पर्दछ।

(ट) **"गाउँपालिका सहकारी संघ"** भन्नाले अपिहिमाल गाउँपालिकामा दर्ता भएको गाउँपालिका सहकारी संघलाई सम्झनु पर्दछ।

(ठ) **"वडा अध्यक्ष"** भन्नाले अपिहिमाल गाउँपालिकाका वडाका वडा अध्यक्षलाई सम्झनु पर्दछ।

(ड) **"वडा सचिव"** भन्नाले अपिहिमाल गाउँपालिकाको वडामा कार्यरत वडा सचिवलाई सम्झनु पर्दछ।

(ढ) **"आर्थिक बिकास समितिका संयोजक"** भन्नाले अपिहिमाल गाउँपालिकाका आर्थिक विकास समितिका संयोजकलाई सम्झनु पर्दछ।

(ण) **"अनुदान"** भन्नाले सुपथ सहकारी पसल सञ्चालन गर्न सहकारी संस्थालाई पछि फिर्ता गर्ने गरी दिइएको पूँजी सम्झनु पर्दछ।

(त) **"सहकारी संस्था"** भन्नाले सहकारी ऐन, २०७४ र अपिहिमाल गाउँपालिकाको सहकारी ऐन, २०७५ बमोजिम दर्ता भएका सहकारी संस्थालाई सम्झनु पर्दछ।

(थ) **"पसल"** भन्नाले सूपथ मूल्यका सहकारी पसल सम्झनु पर्दछ।

(द) **"अत्यावश्यक बस्तु"** भन्नाले दैनिक जीवनमा उपयोग हुने खाद्यान्य लगायत अन्य बस्तु सम्झनु पर्दछ।

## परिच्छेद-२

## सुपथ मूल्यको सहकारी पसल स्थापना

३. **सुपत मूल्यको सहकारी पसल सञ्चालन तथा स्थापना** : (१) अपिहिमाल गाउँपालिको प्रत्येक वडामा एक वटा सुपथ मूल्य पसल सञ्चालन गर्ने गरी छनौट गरिएका सहकारी संस्थाहरूलाई आर्थिक अनुदान कोषको रूपमा तीन बर्षपछि फिर्ता गर्ने गरी तीन लाख रूपैयाँ सम्म बिउ पूँजीको रूपमा उपलब्ध गराउन सकिनेछ।

(२) अनुदानको रकम उपलब्ध गराएका सहकारी संस्थाले अनुदान रकमको कम्तीमा बीस प्रतिशत रकम जम्मा गरी बाकी रकम फिर्ता गर्ने समयावधि थप गर्नका लागि निवेदन दिएमा कार्यपालिकाले निर्णय गरी एक पटकको लागि बढीमा एक बर्ष सम्म समयावधि थप गर्न सक्नेछ।

(३) नेपाल सरकारको स्वामित्वमा रहेका सार्वजनिक संस्थाहरूले उत्पादन तथा विक्री वितरण गर्ने गरी वस्तुको डिलरसिप वा गाउँपालिका क्षेत्रभित्र वितरणको एकाधिकार पसललाई दिनुपर्नेछ।

(४) सहकारीका आफ्ना सदस्य बाहेक सुपथ मूल्यमा पसल सञ्चालन गर्ने सहकारी संस्थाका लक्षित समुह देहाय बमोजिम हुनेछन।

(क) दलित तथा आर्थिक रुपमा बिपन्न बर्ग,

(ख) वडामा बसोबास गर्ने आर्थिक रुपमा विपन्न गाउँ बासी, जनजाति, महिला, द्वन्द पीडित, एकल महिला,

(ग) सुकुम्बासी ।

४. **पसलबाट उपलब्ध हुने सेवा र बस्तु** : सहकारी संस्थाले देहाय बमोजिम कार्य गर्न सक्नेछः

(क) दाल, चिनी, चामल लगायतको दैनिक उपभोग्य बस्तुहरू,

(ख) स-साना कृषि यान्त्रिक उपकरण र तिनको पार्टपूर्जा,

(ग) मलखाद तथा बिउ बिजन,

(घ) सार्वजनिक संस्था वा सहकारी कार्यालयले बेचबिखनका लागि उपलब्ध गराएका अन्य बस्तु तथा सेवाहरू,

(ङ) सञ्चार तथा ईन्टरनेट सेवा,

(च) शैक्षिक सामग्रीहरू,

(छ) चिकित्सकीय प्रेश्कृप्शन आवश्यक पर्ने औषधिहरू, घरायसी सरसफाईका सामग्रीहरू,

(ज) संस्थाले आवश्यक ठानेको अन्य बस्तु वा सेवाको कारोबारहरू ।

५. **<u>सुपथ मूल्यको पसल छनौट सञ्चालन तथा व्यवस्थापन समिति</u>** : (१) गाउँपालिकाबाट अनुदान प्राप्त गरेका सहकारी संस्थाले बिक्री गर्ने अत्यावश्यक दैनिक उपभोग्य सहज आपूर्ति मिलाउन गाउँपालिकास्तरमा देहायको एक सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | प्रशासन शाखा | -संयोजक |
| (ख) | प्रमुख आर्थिक प्रशासन शाखा | -सदस्य |
| (ग) | प्रमुख कृषि सेवा शाखा | -सदस्य |
| (घ) | गाउँपालिकास्तरीय उद्योग वाणिज्य संघ अध्यक्ष | -सदस्य |
| (ङ) | सहकारी हेर्ने गरी तोकिएको कर्मचारी | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठिन समितिले सहकारी संस्थाहरूबाट प्राप्त प्रस्तापहरूको आधारमा सुपथ मुल्यको सहकारी पसल छनौट गर्नु पर्नेछ।

(३) पसलले सर्वसाधारण जनतामा पारेको प्रभाव अत्यावश्यक उपभोग्य बस्तुको आपूर्ति र पसल सञ्चालनमा देखिएका कठिनाई उपर छलफल गरी समितिले निराकरणका उपायहरू पहिचान गर्नुपर्नेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछन।

६. **<u>छनौटको सूचना</u>** : सुपथ मूल्यको पसल छनौट सञ्चालन तथा व्यवस्थापन समितिले सुपथ मूल्यको सहकारी पसल सञ्चालन गर्न चाहने सहकारी संस्थाबाट प्रस्ताव आह्वानका लागि पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

७. **<u>प्रस्ताव पेश सम्बन्धी व्यवस्था</u>** : सुपथ मूल्यको पसल सञ्चालन गर्न चाहने सहकारी संस्थाहरुले अनुसूची-१ बमोजिमको ढाँचामा अपिहिमाल गाउँपालिकाको सहकारी हेर्ने गरी तोकिएको शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ।

८. **<u>सुपथ मूल्यको सहकारी संस्था छनौटका आधारहरु</u>** : (१) अनुदान प्राप्त गर्ने सहकारी पसलको छनौट गर्दा सहकारी संस्थाहरु मध्ये मजदुर/किसान/महिला/दलित, आदिवासी जनजाति, सीमान्तकृत तथा पीछडिएको वर्गद्वारा सञ्चालित सहकारी संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

(क) न्यूनतम दुई बर्ष देखि नियमित र व्यवस्थित रुपमा सञ्चालनमा रहेका संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(ख) संस्थाको विनियमको प्रतिलिपि,

(ग) सुपथ मूल्यको पसल सञ्चालन गर्न उपयूक्त र पर्याप्त स्थान भएको हुनुपर्नेछ,
(घ) उपभोक्ता पसल सञ्चालन गर्ने सम्बन्धमा साधारण सभा वा सञ्चालक समितिको निर्णय,
(ङ) सञ्चालकहरुको फोटोसहितको तिन पुस्ते विवरण,
(च) व्यवसायिक कार्ययोजना अनुसूची-२ अनुसार पेश गर्नुपर्ने,
(छ) संस्थाले लगानी गर्ने पूँजी रकम,
(ज) प्रस्ताबित पसलको प्रभाव क्षेत्रको अनुमानित उपभोक्ता संख्या,
(झ) नियमितल साधारण सभा गरेको, नियमित लेखा परीक्षण गरेको र स्थायी लेखा नम्बर भएको,
(ञ) सम्बन्धित संस्था अपिहिमाल गाउँपालिकाको कार्यक्षेत्रभित्र सञ्चालनमा रहेको हुनुपर्नेछ,
(ट) सम्बन्धित वडा कार्यालयको सिफारिस हुनुपर्नेछ ।

## परिच्छेद-३

## सुपथ मूल्यको पसल अनुगमन तथा सहजिकरण व्यवस्था

९. **सुपथ मूल्यको पसल व्यवस्थापन तथा अनुगमन समिति** : गाउँपालिकाबाट पसल सञ्चालन गर्ने सहकारी संस्थालाई प्रदान गर्ने सहयोग रकमको वितरण तथा त्यसको व्यवस्थापन र अनुगमनका लागि उपयुक्त सहकारी संस्थाको छनोट गर्न प्रत्येक वडामा देहाय बमोजिमको पसल व्यवस्थापन तथा अनुगमन समिति गठन गरिनेछः

(क) सम्बन्धित वडाका वडा अध्यक्ष -संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी -सदस्य
(ग) उद्योग व्यवसाय प्रबर्धन शाखा प्रमुख -सदस्य
(घ) गाउँपालिकास्तरीय उद्योग वाणिज्य संघको प्रितिनिधि -सदस्य
(ङ) सम्बन्धित वडाका सचिव -सदस्य सचिव

१०. **पसल व्यबस्थापन तथा अनुगमन समितिको काम कर्तब्य र अधिकार** : सुपथ मूल्य पसल व्यवस्थान तथा अनुगमन समितको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाको प्रत्येक वडाको लागि एउटा र गाउँपालिका क्षेत्रको प्रत्येक एक हजार जनसंख्याको बीचमा पर्ने गरी एउटाको दरले पसल सञ्चालन गर्ने सहकारी संस्थाको छनोट गर्ने ।

११. **पसल संचालन गर्न सहकारीहरु** : देहाय बमोजिमको सहकारी संस्थाहरुले गाउँपालिकाको सहयोग प्राप्त गरी सुपथ मूल्य पसल संचालन गर्न सक्नेछन्:

(क) उपभोक्ता सहकारी संस्थाहरु,
(ख) उपभोक्ता सहकारी संस्था नभएको स्थानमा कायम रहेका बहुउद्देश्यीय सहकारी संस्थाहरु,
(ग) बहुउद्देश्यीय सहकारी संस्था नभए अन्य विषयगत सहकारी संस्थाहरु ।

१२. **गाउँपालिकाबाट अनुदान प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरु** : गाउँपालिकाबाट प्रदान हुने अनुदानको रकम प्राप्तिको लागि देहायका कागजातहरु पेश गर्नुपर्नेछ।

(क) संस्था दर्ता प्रमाण पत्र प्रतिलिपि,

(ख) संस्थाको विनियमको प्रतिलिपि,

(ग) सुपथ मूल्य पसल संचालन गर्ने सम्बन्धमा साधारण सभा वा सञ्चालक समितिको निर्णय,

(घ) सञ्चालकहरुको तीन पुस्ते विवरण,

(ङ) व्यवसायिक कार्य योजना,

(च) प्रस्तावित पसलको प्रभाव क्षेत्रको अनुमानित उपभोक्ता संख्या ।

**१३.** <u>**उपभोक्ता कार्ड**</u> : उपलब्ध भए सम्म सहकारी संस्थाको गरिवीको रेखामूनि रहेका आर्थिक रूपमा परिवारलाई अत्यावश्यक दैनिक बस्तु सुपथ मूल्यमा उपलब्ध गराउनेछ।

## परिच्छेद-४

## सुपथ मूल्यको सहकारी पसल संचालन गर्ने सहकारी संस्थाको जिम्मेवारी

१४. <u>**पसलको संचालन सम्बन्धि कार्यविधि**</u> : (१) पसलको संचालन र व्यवस्थापन सम्बन्धित सहकारी संस्थाको संचालक समितिले गर्नेछ । सहकारी संस्थाको संचालक समितिले पसलको संचालन र व्यवस्थापनको लागि आवश्यक कार्यविधि आफै बनाउनेछ।

(२) सहकारी संस्थाले पसल संचालन दैनिक समय उपभोक्ताको सुविधालाई ध्यानमा राखि आफै निर्धारण गर्न सक्नेछ।

(३) सहकारी संस्थाको संचालक समितिले पसल संचालनको लागि आवश्यक पर्ने कर्मचारीको नियुक्ति गर्ने निजको पारिश्रमिक तथा अन्य सुविधा संस्थाको विनियमको अधिनमा रही तोक्न सक्नेछ।

(४) पसल संचालन गर्ने सहकारी संस्थाले सहकारी नियमावली, २०७५ को नियम २१ बमोजिमको अभिलेखहरुको अतिरिक्त देहायका अभिलेख राख्नुपर्दछ।

(क) खरिद तथा बिक्री खाता,

(ख) खरिद विक्रीको दैनिक वही र नगदी वही ।

(५) सहकारी संस्थाले पसल संचालन सम्बन्धी कारोबारको लेखा पारदर्शी ढंगले राख्नु पर्नेछ। सम्बन्धित गाउँपालिकाले मागेको समयमा संस्थाले कारोवार सम्बन्धी श्रेस्ता पेश गर्नुपर्नेछ।

(६) सूपथ मूल्यको पसल संचालन गर्ने संस्थाले सर्वसाधारणले देखिने गरी दैनिक उपभोग्य बस्तुहरुको मूल्यसूची अनिवार्य रुपमा राख्नुपर्दछ।

१५. <u>**मूल्य निर्धारण**</u> : (१) नेपाल सरकारको स्वामित्व प्राप्त सार्वजनिक वा कम्पनीबाट आपूर्ति हुने अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरुको विक्री मूल्य त्यस्ता सार्वजनिक संस्थान वा कम्पनीले तोकी दिए बमोजिम हुनेछ ।

(२) सार्वजनिक संस्थान वा कम्पनीले यस्ता सहकारी संस्थालाई सो सामान विक्री गरे वापत अन्य व्यापारिक संस्थालाई दिएको भन्दा थप कमिशन दिनु पर्नेछ ।

(३) अन्य उपभोग्य बस्तुहरुको विक्री मूल्य प्रचलित बजार भाउ भन्दा बढी नहुने गरी सम्वन्धित सहकारी संस्थाले आफै तोक्न सक्ने छ ।

१६. <u>**संस्था दर्ता गराउने पर्ने**</u> : (१) पसल संचालन गर्न चाहाने सहकारी संस्थाले वडा कार्यालयमा व्यवसायको अनिवार्य दर्ता गराउनुपर्ने छ।

(२) उपनियम (१) बमोजिमको व्यवसाय प्रमाणपत्रको आधारमा सुपथ मूल्य पसल संचालन गर्नुपर्नेछ।

१७. **<u>संशोधन तथा वाधा अडकाउ फुकाउ</u>** : (१) यस कार्यविधिलाई कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन, संशोधन र खारेज गर्न सक्नेछ।

(२) यस कार्यविधिका उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा कार्यपालिकाले त्यस्तो वाधा अडकाउ फुकाउ आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

१८. **<u>यस कार्यविधि बमोजिम हुने</u>** : (१) प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भएतापनि यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि त्यस कार्यविधिमा लेखिएको कुरा संविधान, संघीय कानून, प्रदेश कानून र गाउँपालिकाको अन्य ऐनसँग वाझिएमा वाझिएको हदसम्म स्वतः वदर वा खारेजी हुनेछ।

अपिहिमाल गाउँपालिका

**अनुसूची-१**
**(दफा ७ सँग सम्वन्धित)**
**सूपथ मूल्य पसल अनुदानको निवेदन ढाँचा**

मितिः २०८०/ /

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
अपिहिमाल गाउँपालिका
खण्डेश्वरी, दार्चुला।

विषय - अनुदानको लागि निवेदन पेश गरेको बारे ।

प्रस्तुत बिषय सम्बन्धमा तहाँ गाउँपालिकाबाट मिति ................. मा प्रकाशित सूचना अनुसार यस सहकारी संस्थाले स्थानीय सरकारको वित्तीय अनुदान समेतमा .......................... संचालन गर्ने मितिको साधारण सभाले निर्णय गरेको हुँदा त्यहाँबाट माग गरिएका कागजात संलग्न राखी यो निवेदन पेश गरिएको छ ।

निवेदक
अध्यक्षको पूरा
नामः
ठेगानाः
संस्थाको छाप/सही

अपिहिमाल गाउँपालिका

**अनुसूची-२**

**(दफा ८ (छ) सँग सम्वन्धित)**

**<u>व्यवसायिक कार्ययोजना संक्षिप्त विवरण</u>**

१. सहकारी संस्थाको नामः

२. ठेगानाः दार्चुला जिल्ला अपिहिमाल गाउँपालिका वडा नं. ........ ४ ...

३. संस्था दर्ता नं. ........... दर्ता मितिः ....

४. व्यवसायको नामः ..........

५. व्यवसायिक योजनाको ठेगानाः ...

६. व्यवसायको प्रारम्भ मितिः

७. व्यवसायको सम्पन्न हुने मितिः

८. व्यवसायको कुल लागतः रु

१ स्थिर पूँजी रु

(क) मेशीनरी ........ (ख) जग्गा ........ (ग) भवन ........ (घ) पशुपंछी खरिदः ......... (ङ) अन्य ( खुलाउने ) .............

२ चालुपूँजी रु ............ .-

९. संस्थाले बेहोर्ने लागत प्रतिशत ........ ..-

१०.संस्थाले बेहोर्ने लागत श्रोतः .............

(क) शेयर रु ......... (ख) जगेडा कोष रू............ (ग) अन्य कोष रू................

११. अन्य स्रोत वा निकायबाट वित्तीय सहयोग प्राप्त गरेको भए खुलाउने

१२. सदस्य सहभागिताको अवस्थाः

| | **साधारण सदस्यता** | | **संचालक समिति** | | **पसल संचालनबाट प्रत्यक्ष लाभान्वित हुनेमा** | |
|---|---|---|---|---|---|---|
| जम्मा | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| महिला | | | | | | |
| अपाङ्ग | | | | | | |
| दलित | | | | | | |
| सीमान्तकृत र पिछडिएको जातजाति | | | | | | |
| अन्य | | | | | | |

अपिहिमाल गाउँपालिका

१३. संस्थाको व्यवसायिक सेवामा सदस्य केन्द्रियताः

| **विवरण** | | **हालको अवस्था** | | **व्यवसाय पछिको अवस्था** | |
|---|---|---|---|---|---|
| | | **रु हजार** | **प्रतिशत** | **रु हजार** | **प्रतिशत** |
| उत्पादित बस्तुको खरिद | सदस्यको उत्पादन | | | | |
| | गैर सदस्यको उत्पादन | | | | |
| जम्मा | | | | | |
| उत्पादन सामग्री र उपभोग्य बस्तुको विक्री | सदस्यलाई | | | | |
| | गैर सदस्यलाई | | | | |
| जम्मा | | | | | |

१४. रोजगारी सृजनाः

| **स्वरोजगारी** | | | **हालको अवस्था** | | | **व्यवसाय पछिको अवस्था** | | |
|---|---|---|---|---|---|---|---|---|
| | **सदस्य संख्या** | **गैर सदस्य संख्या** | **जम्मा** | **सदस्यको प्रतिशत** | **गैर सदस्य संख्या** | **सदस्य संख्या** | **गैर सदस्य संख्या** | **सदस्तको प्रतिशत** |
| प्रत्यक्ष | | | | | | | | |
| अप्रत्यक्ष | | | | | | | | |
| जम्मा | | | | | | | | |

१५. व्यवसाय स्थलमा पूर्वाधारको स्थिति (चिन्ह लगाउनु होस)

(क) विजुली

(ख) पानी (ग) पक्की सडक (घ) कच्ची सडक

१६. व्यवसाय संचालनको लागि घर/ सेड / गोठ / खोर / टहरा आदिको अवस्था (चिन्ह लगाउनु होस)

(क) निर्माण भएको अवस्था भए के के निर्माण भएको छः

(ख) निर्माणाधिन अवस्था भए केके निर्माणाधिन के के निर्माण भएको छः छैन

१७. कार्यालयको भौतिक अवस्था (चिन्ह लगाउनुहोस्)

(क) आफ्नै स्वामित्वको भवन (ख) भाडाको भवन

१८. संस्थागत सुशासनको अवस्थाः

(क) संचालक समितिको बैठक नियमित छ/छैन (ख) बार्षिक साधारणसभा नियमित छ/ छैन

(ग) लेखापरीक्षण नियमित छ / छैन (घ) कार्यसम्पादन नियमावली छ / छैन

(ङ) छ भने कुनकुन नियमावली तयार भएको छ नाम दिनुहोसः

(च) व्यवसायको सम्भाव्यता अध्ययन भएको छ / छैन

(छ) सम्भाव्यता अध्ययन भएको छ भने बार्षिक मुनाफा दर कति छः

१९. उत्पादित बस्तुको बजार पहुँचको सम्भावनाः

(क) अन्तर्राष्टिय बजारको पहुँच छ / छैनः

(ख) राष्ट्रिय बजारको पहुँच छ / छैनः

(ग) स्थानीय बजारको पहुँच छ / छैनः

२०. समूह व्यवस्थापनमा संचालन हुने / नहुनेः

२१. उत्पादकत्वमा सुधार गर्न नयाँ प्रविधि वा नवप्रवर्तनको प्रयोग हुने / नहुने

२२. मूल्य श्रृङ्खला अवलम्वनबाट मूल्य अभिवृद्धि हुने/ नहुने

३. बजारीकरणः

| विवरण | हालको अवस्था | | व्यवसाय पछिको अवस्था | |
|---|---|---|---|---|
| | रू | प्रतिशत | रू | प्रतिशत |
| स्वदेशमा विक्री | | | | |
| विदेशमा विक्री | | | | |
| जम्मा विक्री | | | | |

२४. वातावरणीय सरोकारः

(क) प्राकृतिक स्रोतको जगेर्ना हुने / नहुने (ख) जैविक विविधताका बढोत्तरी हुने /नहुने

(ग) स्थानीय स्रोतको संरक्षण हुने / नहुने (घ) प्रदुषणको रोकथाम हुने / नहुने

(ङ) प्रांगारिक खेतीपानी हुने / नहुनेः

२५. अन्य कुनै व्यहोरा भए खुलाउनेः

अध्यक्षको हस्ताक्षर

नाम/ थर-..

सम्पर्क नं. संस्थाको नाम र

ठेगाना

संस्थाको छाँप

आज्ञाले,

ईन्द्र बहादुर रावल

प्रमुख प्रशासकीय अधिकृत